Regd No. 166013/073/074

च.नं ६१/२०८१/०८२

Sayapatri Hydropower Limited

कम्पनी दर्ता नं. १६६०१३/०७३/०७४
मिति: २०८२/०२/३१

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ ।

विषय: कम्पनीको ८ औं वार्षिक साधारण सभाको सूचना र शेयरधनी दर्ता किताब बन्द रहने मिति बारे ।

महोदय,

उपर्युक्त बिषयका सम्बन्धमा यस कम्पनीको मिति २०८२/०२/२९ मा सम्पन्न सञ्चालक समितिको ८१ औं बैठकबाट कम्पनीको ८ औं वार्षिक साधारण सभाको देहायका मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी तय भएको तहाँ समक्ष जानकारी गराउँदछौं ।

**साधारण सभा बस्ने मिति, समय र स्थान**

**मिति:** २०८२ साल आषाढ महिना २१ गते (तदनुसार सन् २०२५ जुलाई ५) शनिवार ।

**समय:** बिहान ८:०० बजे ।

**स्थान:** ज्योति बैंक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबाल, कुमारीगाल, काठमाण्डौ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

(क) **सामान्य प्रस्ताव:**

(१) आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम नियुक्त लेखापरीक्षकको नियुक्ती अनुमोदन गर्ने बारे ।

(ख) **विशेष प्रस्ताव:**

(१) कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने बारे ।

(२) कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने बारे ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग बारे ।

सयपत्री हाइड्रोपावर लिमिटेड २०७३

(ग) विविध ।

यस कम्पनीको मिति २०८२/०३/२१ लाई तय भएको ८ औं वार्षिक साधारण सभा प्रयोजनार्थ यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८२/०३/०९ गते एक दिन बन्द रहने व्यहोरा समेत तहाँ समक्ष जानकारी गराउँदछौं ।

धन्यवाद ।

भवदीय,

दिपक पाठक

कम्पनी सचिव

बोधार्थ,

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।